नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कर्मचारी प्रशासन
(.................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०७५/७६
चलानी नं. :- ६/१२२६

मिति : २०७५।०५।१७

**विषय :-** नियमित सेवा सञ्चालन गर्ने सम्बन्धमा ।

श्री स्वास्थ्य सेवा विभाग, टेकु ।
श्री आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभाग, टेकु ।
श्री औषधि व्यवस्था विभाग, बिजुलीबजार ।
श्री प्रदेश स्वास्थ्य निर्देशनालयहरु ७ वटै ।
श्री केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल, जिल्ला अस्पतालहरु सबै ।
श्री आयुर्वेद चिकित्सालय, अञ्चल/आयुर्वेद औषधालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु सबै ।
श्री जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय ७७ वटै ।
श्री प्राथमिक स्वास्थ्य केन्द्रहरु तथा स्वास्थ्य चौकीहरु सबै ।

नेपाल मेडिकल एशोसियसनबाट सम्पूर्ण स्वास्थ्य संस्थाहरु आज मिति २०७५।०५।१७ देखि आकस्मिक सेवा बाहेकका सेवा बन्द गर्ने सूचना प्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । चिकित्सकहरुबाट उठाइएका मागका सम्बन्धमा मन्त्रालय तहबाट सकारात्मक पहल भईरहेको छ । तसर्थ यो मौसममा प्राकृतिक प्रकोप, बाढी पहिरो, सरुवा तथा संक्रामक रोगहरुले प्रभावित गर्ने भएको हुँदा देशभरीको सबै स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई नियमित रुपमा कामकाज गर्न, बिदामा नछोड्न, बिना अनुमति स्वास्थ्य संस्थामा अनुपस्थित नहुन र कुनैपनि किसिमका बन्दहड्ताल, घेराउ, प्रदर्शन जस्ता कार्य नगर्न/नगराउन समेत अनुरोध छ । उल्लेखित क्रियाकलापहरु गरे/गराएको पाइएमा संलग्न स्वास्थ्यकर्मीलाई आबश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको आदेशको बुँदा नं. १२ र १३ मा अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालन सम्बन्धी सेवा (एम्बुलेन्स सेवा जस्ता सेवाहरु) र औषधि निर्माण तथा बिक्री वितरण सम्बन्धी सेवा समेतमा असर पर्ने भएकोले सोही ऐनको दफा ४ बमोजिम मन्त्रालयले कारवाही गर्न सक्ने भएकोले कुनैपनि किसिमका बन्दहड्ताल, घेराउ, प्रदर्शन जस्ता कार्य नगर्न/नगराउन हुन र नियमित सेवा सञ्चालन गर्न/गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

०७५।५।१७

(बाबुराम खनाल)
उप-सचिव

**बोधार्थः**
माननीय उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको निजी सचिवालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।